# लमही नगरपालिका

# नीति तथा कार्यक्रम

## २०७६ / २०७७

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

१. लमही नगरपालिकाको यस सम्मानित पाँचौ (५) नगर सभालाई सम्वोधन गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. स्थानीय तहको स्वामीत्व र सहभागिता सहितको संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्तिको संघर्षमा जीवन उत्सर्ग गर्नु हुने महान शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्र राष्ट्रियता, संघीय लोकतान्त्रिक गणतन्त्रको आन्दोलन र विभिन्न कालखण्डमा नागरिक हक अधिकार स्थापनाका लागि अगुवाई गर्नु हुने सम्पूर्ण अ्रजहरुको योगदानको उच्च सम्मान सहित, जनआन्दोलनका घाईते, द्वन्द्व प्रभावित बेपत्ता व्यक्ति तथा परिवारहरुलाई स्मरण गर्दै हार्दिक सम्मान र सहानुभति प्रकट गर्न चाहान्छु ।

३. लमही नगरपालिका स्थापना भए देखि नगर निर्माण अभियानमा प्रत्यक्ष वा परोक्ष रुपले योगदान दिनु हुने स्थानीय बुद्धिजीवी, समाजसेवी, विकासप्रेमी, व्यापारी, व्यावसायी, निजी तथा गैर सरकारी संस्था सवैलाई हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

४. अव म चालु आर्थिक वर्ष २०७५।०७६ मा अघि बढाईएका नीति तथा कार्यक्रहरुको उपलव्धीहरुको बारेमा संक्षेपमा चर्चा गर्न चाहान्छु ।

५. चालु आ.व को अन्त सम्ममा लमही नगरपालिका क्षेत्रमा कुल १५.३६५ कि.मि. कालोपत्रे, ८४.२०० कि.मि. ग्राभेल र ३ कि.मि. बाटो ट्र्याक खोल्ने कार्य सम्पन्न गरिएको छ ।

६. चालु आ.व मा लमही नगरपालिको रिङ रोडको प्रबेश विन्दु वार्ड नं २ मा मापदण्ड बमोजिम करिव १ कि.मि बाटो ट्र्याक खोलि नमुना योग्य ग्राभेल गर्न काम सम्पन्न गरिएको छ ।

७. चालु आ.व मा वडा नं. ४ को कोलही चैलाही जोड्ने बगइ सोतामा पक्की पुल निर्माणको काम प्रारम्भ गरिएको छ ।

८. नगरको पर्यटकीय क्षेत्र रिहार तथा जखेरा तालमा नगरगुरुयोजना बमोजिम शौचालय, धर्मशाला र ताल संरक्षणको कार्य संघीय सरकार पर्यटन तथा सस्कृति मन्त्रालयको र राष्ट्रपति चुरे तराइ मधेश कार्यक्रम सहयोगमा आयोजनहरु संचालन भएको छ ।

९. लमही नगर क्षेत्रको डिजिटल बेस प्रोफाइल निर्माण तथा घर नम्वरीङको कार्य यसै बर्ष पुरा गरिने गरि काम भई रहेको छ ।

१०. नगरका सबै वडामा नगर स्वास्थ्य केन्द्र स्थापनालाई निरन्तरता दिदै यस बर्ष थप ३ वटा वडाहरुमा नगर स्वास्थ केन्द्र स्थापना गरि स्वास्थ्य संवेदनशिलतामा विशेष ध्यान दिइएको छ ।

११. युवा स्वरोजगार तथा सीप विकास तालिम (कुक, वेटर, इलेक्ट्रिकल, कम्प्यूटर तालिम आदि) हरु नगर क्षेत्रमा संचालन गरी नगरका १२५ जना युवाहरु लाई रोजगार स्वरोजगारमुलक सीप प्रदान गरीएको छ ।

१२. लक्षित बर्ग क्षमता तथा सचेतना सम्वन्धी कार्यक्रमहरु मार्फत बालवालिका, महिला, युवा तथा विपन्न समुदायका करिव १२०० जना सहभागिहरु लाई सचेतना सम्वन्धी तालिम प्रदान गरिएको छ ।

१३. लमही नगर क्षेत्रका विद्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउन सवै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र स्मार्ट बोर्ड वितरण गरिएको छ भने चालु आ.व मा विद्यार्थि प्रोत्साहन स्वरुप १८९ जना विपन्न विद्यार्थिहरु लाई स्टेशनरी, ब्याग र पोशाक वितरण गरिएको छ ।

१४. नगर क्षेत्रमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय सुधार योजना निर्माण, लेखा ब्यवस्थापन र सूचना ब्यवस्थापन जस्ता तालिमहरु सम्पन्न भएका छन् भने कक्षा ८ र कक्षा ५ को उपलब्धीलाई मापन गर्न नगरस्तरीय परीक्षा पद्धती थालनी गरिएको छ ।

१५. भवन निर्माण आचार संहीतालाई पूर्ण पालना गराई सुरक्षित शहरको रुपमा स्थापीत गर्न भवन निर्माण संहितालाई कडाईका साथ लागु गरिएको छ । चालु आ.व.मा पुराना घर अभिलेख पद्धतीलाई व्यवस्थित गर्ने सन्दर्भमा **लमही नगरपालिका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्वन्धि निर्देशिका, २०७५** बमोजिम सूचना जारी गरी १४६ वटा पक्की र ६१ वटा कच्ची घरहरु अभिलेखिकरण गरिएको छ । चालु आ.व.मा ४६ वटा नयाँ घर निर्माण गर्न ईजाजत दिईएको छ ।

१६. चालु आ.व.मा पशु सेवा शाखा मार्फत सामुदायिक १५० वटा कुकुरहरुलाई बन्ध्याकरण गरि लमही नगरलाई अनेपक्षित रेविज रोग, सवारी दुर्घटना न्युनिकरण तथा स्वस्थ सफा लमही नगर निर्माण अभियानमा योगदान गरिएको छ ।

१७. बाख्रा पालन गर्ने व्यवसायीयहरुको व्यावसायिक क्षमता सुधार तथा विकासका लागि कृषक समूहलाई १० वटा वोयर जातका बोका बितरण गरिएको छ।

१८. कृषि विकास तर्फ ३.१२ हेक्टर क्षेत्रफलमा नयाँ पोखरी निर्माणका लागि ४ जना ब्यावसायिक किसानकाहरुका लागि नगद रु ९ लाख अनुदान प्रदान गरिएको छ।

१९. मौसमि तथा बेमौसमि तरकारी तथा च्याउ खेतिका लागि ८०० जना कृषकहरुलाई विउ वितरण गरिएको छ

२०. टि.पि.एस आलु विया १ के.जि विउ वितरण गरी ९००० के.जि आलु प्रथम पुस्ता विउ उत्पादन गरिएको छ।

२१. हाल सम्म विभिन्न ३५ वटा कानून ( ऐन, नियम, कार्यविधी तथा निर्देशिका) हरु निर्माण गरि लमही नगरपालिकाको सार्वजनिक सेवा प्रवाहमा सरलीकृत गरिएको छ।

२२. लमही न्यायिक समितिमा प्राप्त कुल ७६ वटा उजुरी गुनासाहरु मध्ये ३५ वटा मिलापत्र गरिएको, २७ वटा विचाराधिन अवस्थामा रहेको र १४ वटा निवेदन फरछ्यौट हुन बाँकी रहेका छन्।

२३. न्यायिक समितिको कार्यसम्पादनलाई सहजीकरण गर्न योगदान पुग्ने अभिप्रायले सवै वडाहरुमा मेलमिलापकर्ताहरु सूचिकृत गर्ने कार्य सम्पन्न भएको छ।

२४. लमही नगर सरकार, नगरवासीहरुको सम्मानजनक सेवा सुख र समृद्धी का लागि लमही नगरबासीहरुले बनाएको स्थानीय सरकार हो। लमही नगरलाई **हाम्रो नगर, राम्रो नगर** : **खुशी नगरबासी, समृद्ध नगर** को रुपमा रुपान्तरण गर्ने मुल अभियानका साथ नगरको आर्थिक, सामाजिक र भौतिक विकासका लागि विगत वर्षहरु देखि निरन्तर गतिशिल रहेको व्यहोरा सादर निवेदन गर्दछु।

२५. हामी लमही नगरपालिकाका जन प्रतिनिधीहरु नगरपालिकाको संरचनागत सुधार, जनशक्ति व्यवस्थापन, पूर्वाधार विकासको आधारशिला निर्माण, विकास र लगानीका लागि नयाँ गन्तव्यको पहिचान एवं प्राथमिकरणमा बढी खर्चिएको व्यहोरा निवेदन गर्न चाहान्छु।

२६. निर्वाचित जन प्रतिनिधीहरुको नविनतम कार्य अनुभव, जनताका असिम आकाँक्षा र उपलव्ध सीमित श्रोत र साधनको महत्तम प्रयोग र परिचालनका लागि हाम्रो सिकाई, भोगाई र गराई विचको तादाम्यता स्मरणीय बनेको छ ।

२७. नगर सरसफाई अभियानबाट नागरिकहरुमा सचेतना अभिबृद्धी भई नगर क्षेत्रमा क्रमीकरुपमा सरसफाई क्षेत्रमा प्राप्त उपलव्धीले नगरको मुहार परिर्वतन हुदै गएको अनुभुती गरिएको छ । राजस्व प्रशासनको सुदृढीकरण र दायरा बढाउदा अपेक्षा गरिएको चालु आर्थिक वर्षको महत्वाकांक्षी आन्तरिक श्रोत बढाउने लक्ष्य करिव ९० प्रतिशत उपलव्धी हासिल हुन गएको छ । चालु आ.व.मा प्रक्षेपीत राजस्व रु १० करोड मध्ये हाल सम्म करिव ९ करोड राजस्व प्राप्त हुन गएको छ । यसका लागि जन प्रतिनीधी, कर्मचारी र करदाता सवैमा आभार एवं धन्यवाद प्रकट गर्न चाहान्छु ।

२८. चालु आ.वको प्रारम्भमा साविक ३ वटा वडाबाट मात्र संचालन भई रहेका वडा कार्यालयहरु हाल २ वटा कार्यालयहरु मात्र संयूक्त रुपमा संचालनमा छन् । र आगामी आ.व.मा वार्ड नं २ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेकोले तत्पश्चात ९ वटै वडाकार्यालयहरु अलग अलग व्यवस्थापन सहित संचालनमा आउने छन् । सुशासनको प्रत्याभूतिको लागि वडा कार्यालयहरुमा समेत विद्युतीय हाजिरी, CC क्यामेराको जडान, विद्युतीय सूचना वोर्ड, WEB SITE मार्फत सूचना प्रवाह, करिव सवै वडाहरुमा **INTERNET** पद्धतीको क्रमवद्ध व्यवस्थापन हाम्रा मापननीय उपलव्धीहरु रहेका छन् ।

२९. अव म यस नगरलाई **हाम्रो नगर, राम्रो नगर** : **खुशी नगरबासी र समृद्ध नगर** को रुपमा रुपान्तरण गर्ने प्रतिवद्धता सहित **आगामी आर्थिक वर्ष ०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रम** देहाय बमोजिम प्रस्तुत गर्न चाहान्छु ।

**लमही नगरपालिकाको दीगो विकासका क्षेत्र, नीति र प्राथमिकताहरु :**

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

१. **गुणस्तरीय शिक्षाको आधारशिला निर्माण** : यस नगर क्षेत्रका शैक्षिक आधारशिलाहरु गुणस्तरीय, जीवनउपयोगी एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी क्षमता विकासका लागि आधारशिला निर्माण गर्ने दिशामा गतिशिल रहनेछ । नगरपालिका क्षेत्र भित्रका विपन्न, अपांग तथा असहाय बालबालीकाहरुलाई छात्रवृत्ति लगायत अन्य सकारात्मक शैक्षिक वातावरण सृजना गरि शैक्षिक गुणस्तर सुधार गरिनेछ । विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुलाई भौगोलिक र भौतिक पूर्वाधारहरुको अवस्थिति आँकलन गरी एक आपसमा स्थानान्तरण वा गाभ्ने नीति लिईने छ । वडापालिकाहरुको नेतृत्वदायी भूमिकामा नमुना योग्य कार्य सम्पादनका लागि समुदाय स्तरमा वालविकास केन्द्रहरुको स्थापना र स्तरोन्नती गरिने छ । विद्यालयको शैक्षिक वातारण, शिक्षक र विद्यार्थीहरुको उपस्थिती, अन्तर विद्यालय परीक्षा केन्द्र र परिक्षण पद्धती अवलम्वन गर्दै विद्यालयको भौतिक पूर्वाधारको अवस्थालाई परिणाममुखी परिवर्तनको अनुभुती र आभाष हुने गरी सुधार गर्दै शिक्षाको गुणात्मक र मात्रात्मक क्षमताको विकास गरिने छ । विद्यालय शिक्षाको आधार प्रारम्भीक कक्षाहरुलाई बालमैत्री बनाउन छापामय कक्षा कोठा, तालीम प्राप्त शिक्षक र आधारभुत शैक्षिक सामग्रीहरुको व्यवस्था मिलाईने छ । विद्यार्थि शिक्षक अनुपातलाई न्यायोचित ढङ्गबाट संवोधन गर्न प्रति विद्यार्थी अनुदान रकम विद्यालयहरु लाई उपलब्ध गराइनेछ । सामुदायिक तथा संस्थागत विद्यालयका बिचमा देखिएको उपलव्धीको खाडललाई कम गर्न सिकाई हस्तान्तरण कार्यक्रमलाई अगाडी बढाईने छ । शैक्षिक अनुदानको कार्यक्रमलाई कार्य सम्पादन र विद्यालय सुधार योजना संग आवद्ध

गरिने छ । नगर क्षेत्रका शैक्षिक गुणस्तर, सरसफाई एवं व्यवस्थापकीय दृष्टीले उत्कृष्ट रहेका विद्यालय छनौट गरि पुरस्कृत गरिने छ । नमुना विद्यालयहरुलाई पूर्वाधार विकासका लागि प्रोत्साहन गरिनेछ । प्राविधीक विषय अध्यापन गर्ने विद्यालयहरुलाई अनुदान रकम उपलव्ध गराईने छ ।

२. **नागरिकको आधारभूत स्वास्थ्यको प्रत्याभूति** : नेपालको संविधान (२०७२) ले आधारभूत स्वास्थ्यको लागि गरेको प्रत्याभुतिको मर्म अनुरुप नगरका सवै वडाहरुमा नगर स्वास्थ्य केन्द्रहरु विस्तार गरिएको छ । लमही नगरपालिकाको दुर र दुर्गममा रहेका नगर स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिदै आएका सेवाहरुलाई सुदृढ, विश्वसनीय र गुणस्तरीय एवं नागरिक मैत्री बनाईने छ । नगरका स्वास्थ्य चौकीहरु र अन्य स्वास्थ्य केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवालाई सुदृढ, विश्वसनीय एवं भरपर्दो बनाईने छ । लमही अस्पतालको आन्तरिक स्वास्थ्यलाई सुदृढ र सवलीकरण गरि, अस्पतालबाट प्रदान गरिने आकस्मीक, बहीरंग र अन्तरंग स्वास्थ्य सेवालाई थप सुदृढ गरिने छ । लमही अस्पताललाई २४ सै घण्टा विश्वसनीय र भरपर्दो रुपमा संचालनका लागि समन्वयात्मक व्यवस्थापन गरिनेछ । ***लमही अस्पताल परिसरमा सर्पदंश उपचार केन्द्र स्थापना तथा संचालनको लागि थालनी गरिएको भवन निर्माण प्रकृयालाई नगरवासीले अनुभुती गर्ने गरी सम्पन्न गरिने छ ।*** सिकलसेल एनिमियाका विरामीहरुको उपचारको प्रवन्ध गर्न आवश्यक कार्यक्रम ल्याईने छ । लमही नगर क्षेत्रको पश्चिम र पूर्व क्षेत्रमा विरामीहरुलाई पायक पर्ने गरी **BIRTHING CENTER** स्थापनार्थ आवश्यक प्रकृया थालनी गरिने छ । क्षयरोगका विरामीहरुलाई प्रभावकारी उपचार सेवा उपलव्ध गराउन नगर स्वास्थ्य केन्द्रहरुबाट DOTS सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ । लमही नगर क्षेत्रमा प्रदेश सरकारको सहयोगमा ट्रमा सेन्टर स्थापना तथा संचालन गर्न समन्वयात्मक प्रयास गरिनेछ ।

विगत वर्ष हरु देखि संचालित जेष्ठ नागरिक, मुक्त कमलरी, ५ वर्ष मुनिका बालबालीकाहरु र महीला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलव्ध गराउदै आएको नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिईएको छ । स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्दै सुदृढ र विश्वसनिय स्वास्थ्य सेवाको रुपमा रुपान्तरण गर्न विषयगत स्वास्थ्यकर्मिहरुलाई कार्यविधीको अधिनमा रही प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।

३. **कृषि सेवा कार्यक्रम :** राष्ट्रिय मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको समग्र विकासका लागि विगत वर्षहरुका कार्यक्रमहरुलाई निरन्तरता दिईएको छ । नगरको पहाडी तथा भिरालो क्षेत्रलाई समेटी बर्षे एवं उच्च मूल्यका तरकारी र नगदे बाली उत्पादन, प्रवर्द्धन र

बजारीकरण गर्न विगत वर्ष देखि थालनी गरिएको प्रयासलाई आगामी वर्ष समेत निरन्तरता दिईने छ । कृषकहरुको आर्थिक सम्मुनति र कृषि क्षेत्रको सघन विकासको लागि **एक टोल एक उत्पादन कार्यक्रम**लाई प्राथमिकताका साथ निरन्तरता दिईएकोछ छ । दुर्गम तथा पिछडीएका क्षेत्रका कृषकहरुको कृषिमा जोखिम न्युनिकरणको लागि ५० प्रतिशत अनुदानमा कृषि विमा कार्यक्रम ल्याईने छ । कृषिको आधुनिकरण संगै कृषिमा बढदो मानव स्वास्थ्य एवं वातावरणमा असर पुर्‍याउन विषादीको प्रयोग न्यूनिकरण गर्न एकीकृत शत्रुजीव व्यवस्थापन पद्धतीलाई प्राथमीकता दिदै दिगो तथा वातावरण मैत्री कृषि यान्त्रीकरण लाई जोड दिईने छ ।

४. **व्यावसायिक एवं उद्यमशिलता सहितको पशु सेवा कार्यक्रम** : निजी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा लमही नगर को उपयुक्त स्थलको पहिचान गरी **आधुनिक बधशालाको निर्माण** गरिने हाम्रो परिकल्पनालाई आगामी आ.व.मा आवश्यक कार्यक्रम संचालन गरिनेछ । लमही नगर क्षेत्रमा व्यावसायिक रुपमा **स्थानीय** ***कुखुराको बधिया भाले उत्पादनका लागि चालु आ.व मा संचालित कार्यक्रम आगामी वर्ष मा पनि किसान प्रोत्साहन कार्यक्रम*** को रुपमा संचालन गरि लमही नगरलाई **कुखुराको वधिया भाले उत्पादन गरी राष्ट्रिय चिनारीको रुपमा** स्थापित गरिने यस कार्यक्रम यथावत संचालन गरिने छ । लमही नगरका संभाव्य स्थलहरुमा बाखापालन पकेट क्षेत्रको रुपमा पहिचान र विकास गरि डाले घाँस नर्सरी स्थापना र सामुदायिक बनमा भुइ घाँस चरन स्थापना गरिने कार्यक्रम सघन रुपमा संचालन गरिने छ । नगर क्षेत्रमा स्थानीय बहुसंख्यक कृषकहरुको आफ्नो व्यावसायिक कृयाकलापहरु सघन रुपमा परिचालन गर्न उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रमलाई न्यायोचित र विश्वसनिय बनाउँदै थप विस्तारित रुपमा परिचालन गरिनेछ । खसीको मासु उत्पादनमा आत्म निर्भर बन्ने अभिप्रायका साथ बोयर जाती बोकाको तथा गाईको दुध उत्पादन क्षमतालाई बृद्धी गर्न हरेक वडामा कृतिम गर्वाधान कार्यक्रम निःशुल्क गराई पशु पालन व्यवसाय तर्फ प्रोत्साहन गरिनेछ । पशुपन्छी पालक कृषकहरुलाई आफ्नो व्यवसाय तर्फ थप प्रोत्साहन र प्रवर्धन गर्न Antibiotic Sensitivity Test सहितको २४ सै घण्टे पशु सेवा ल्याव र आधुनिक पशु सेवा एम्वुलेन्सको व्यवस्था गरी प्रदेश स्तरीय पशु अस्पतालको स्थापना गरीने छ । पशु क्षेत्रमा लगानी विस्तार गरी पशु पालक कृषकहरुको मनोवल उचो पार्न पचास प्रतिशत पशु चौपाया विमा अनुदान कार्यक्रम संचालन गरिने छ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

५. पूर्वाधार विकास : **"नगरको प्रतिष्ठा र समृद्धीको आधार : दर्शनीय र स्मरणीय** (VISIBLE AND MEMORIABLE ) **पूर्वाधार'** भन्ने मुल नाराका साथ गत वर्ष देखि संचालन गरीएको यस अभियानलाई आगामी आ.व.मा समेत यसै मर्मको परिधी भित्र रही पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गरिने छन् । विगत वर्ष देखि पूर्वाधारमा रहेको साझा चासोबाट धार्मिक तथा पर्यटकीय स्थल रिहार बगार बाबा धाम र जखेरा ताल क्षेत्रको गुरु योजना निर्माणको आधारमा चालु आर्थिक वर्षमा संघीय तथा प्रदेश सरकारबाट समेत पूर्वाधार क्षेत्रको विकासको लागि भएको लगानीबाट निर्माणको काम भई रहेको विदितै छ । लमही नगर क्षेत्रको सम्पादीत विस्तृत परियोजना प्रतिवेदनको आधारमा वार्ड नं २ बाट शुरुवात गरिएको रिङ रोड निर्माण कार्यले हामीलाई गौरवको अनुभुती भई रहेको छ । यसै गरी चालु आ.व.मा तयार भई रहेका अर्जून खोला हाईड्याम, ICT Park, बहु उद्देश्यीय व्यावसायीक भवनको परियोजना विस्तृत प्रतिवेदनका अधिनमा रही सरकारी तथा निजी क्षेत्रको सहकार्य र लगानीमा यि पूर्वाधारहरु पुरा गर्न सकिएमा साँच्चिकै वर्तमान पुस्ताको लागि दर्शनीय र भावी पुस्ताको लागि स्मरणीय पूर्वाधारको रुपमा स्थापित गर्न सकिने कुरामा दुई मत छैन ।। नगर क्षेत्रमा स्तरीकृत नमुनाबाटो **(MODEL ROAD)** को रुपममा न्युनतम मापदण्ड पुरा गरेका स्तरीकृत **ग्राभेल सडकलाई कालोपत्रे गरिनेछ ।** निर्माणाधिन नगर क्षेत्रको चक्रपथको बाँकी विस्तृत अध्ययन प्रतिवेदन **(DPR)** तयार गर्ने कार्य सम्पन्न गरिनेछ । नगर विकास कोष **(TOWN DEVELOPMENT FUND)** तथा निजी क्षेत्र संग सहकार्य गरी **बहुउद्देश्यीय व्यावसायिक भवन (MULTI PURPOSE BUSINESS COMPLEX BUILDING)** निर्माण कार्य अगाडी बढाईने छ । नगरपालिकामा समपुरक कोष **(MACTHING FUND)** को व्यवस्थापन गरि सडक वोर्ड, प्रदेश सरकार र जिल्ला समन्वय समिमितको सहकार्यमा पूर्वाधार विकासका कार्यक्रमहरु अगाडी बढाईने छ । लागत सहभागिताको आधारमा टोल टोलका आन्तरिक मार्गहरु कालो पत्रे गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

६. प्रत्येक वडा तथा नगर क्षेत्रमा एक एक वटा नमुना योग्य पूर्वाधारहरुको निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरीने छ । लमही नगर क्षेत्रको आन्तरिक आयको भरपर्दो आधार नदीजन्य पदार्थको उत्खनन तथा विक्रि वितरण गर्ने प्रयोजनको लागि बाँकी रहेका खोला तथा राप्ती नदीमा प्रारम्भीक वातावरणीय परिक्षण गरिने छ । रिहार वगारबाबा धार्मिक स्थल र पर्यटकीय स्थल जखेरामा स्विकृत गुरुयोजनाको आधारमा पूर्वाधार निर्माणको लागि प्रयास गरिने छ ।

७. **आयोजनाहरुको संचालन व्यवस्थापन पद्धतीमा सुशासन :** नगरपालिका तथा वडाबाट संचालन गरिने विकास निर्माणका कामहरु सम्पादन गर्नको लागि टोल विकास संस्थाहरुलाई बढी क्रियाशील, जिम्मेवार र जवाफदेही बनाईने छ । आगामी आ.व.मा विभिन्न वडाहरुमा गठन गर्न बाँकी रहेका टोल विकास संस्थाहरु गठनका लागि वडा कार्यालयहरु मार्फत पूर्णता दिदै टोल विकास संस्थाहरुकै माध्यमबाट मात्र विकास निर्माणका कामहरु सम्पादन गरिने छ । सम्पादीत आयोजनाहरुको विश्वसनियता र गुणस्तरीयता अभिबृद्धी गर्न सार्वजनिक सुनुवाई, परिक्षण जस्ता विधीहरु अवलम्वन गर्ने विधी यथावत संचालन गरीने छ । सम्पादीत ठूला आयोजनाहरुको गुणस्तरीयता र विश्वसनियताको परिक्षणका लागि नगरका नमुना आयोजनाहरुमा **तेस्रो पक्ष मूल्याँकन ( THIRD PARTY EVALUATION)** गर्ने पद्धती आगामी आ.व.मा निरन्तरता दिईने छ ।

८. **धार्मिक, सांस्कृतिक तथा प्राकृत्तिक सम्पादाको संरक्षण : पर्यटक, पर्यटकीय क्षेत्र र पर्यटन प्रवर्द्धन कार्यक्रम :** नगरपालिका क्षेत्रका विभिन्न वडा वडाहरुमा रहेका ऐतिहासिक महत्व बोकेका मठ, मन्दिर एवं धार्मिक, सास्कृतिक तथा प्राकृतिक सम्पदाहरु को संरक्षण र सम्वर्द्धनको लागि उचित प्रवन्ध गरिने छ । स्थानीय कला धर्म र संस्कृतिलाई पर्यापर्यटन संग आवद्ध गर्दै आन्तरिक र बाह्य पर्यटक को बसाई अवधीलाई लम्वाउने गरि **थारु संस्कृती, संस्कार र परिकारमा** आधारीत वार्ड नं ७ को बनघुस्रीमा चालु आ.व. मा स्थापीत होमस्टे संचालन गर्नलाई थप प्रोत्साहन र प्रवर्द्धन गरीनेछ । स्थानीय उत्पादन, कला र संस्कृतिको प्रवर्द्धन गर्ने गरी लमही नगर क्षेत्रमा **कोशेली घर सुदृढीकरणको लागि** अनुदान रकम उपलव्ध गराईने छ ।

९. **विपद् व्यवस्थापन**, **वन तथा वातारण संरक्षण** : वनलाई वातारणीय संरक्षण, सन्तुलन र सम्वर्द्धनको प्रमुख कडीको रुपमा लिई निजी तथा स्थानीय गैरसरकारी क्षेत्रको सहकार्यमा क्यामोमाईल, म्यान्था, तेजपात, र टिमुर जस्ता सुगन्धीत एवं उच्च मूल्यका मसलाबालीको उत्पादन क्षेत्रको रुपमा प्रयोग र प्रवर्द्धन गर्दै नगरबासीको आय आर्जन क्षमताको विकास गरिनेछ । खास गरी नगरको उत्तरी पहाडी भूभागमा भुबनौट सुहाउदो मसलाजन्य बोटबिरुवा रोपण गरी नगरवासीहरुलाई आय आर्जनमा उत्साह र आवद्ध गरिने छ ।

लमही नगर विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापनका लागि नगर स्तरीय विपद् प्रतिकार्य योजना निर्माणका साथै नगर आपतकालिन कार्य संचालन केन्द्रको स्थापना गरिनेछ ।

१०. **खानेपानी र सिंचाईको अभाव आपूर्ति**को लागि भूमिगत जल उत्खनन् र विद्युतीय लिफ्टीङ प्रविधी अवलम्वन गरी आवश्यकतानुसार संभाव्यता अध्ययन र तत् सम्वन्धी ससाना आयोजनाहरु संचालन व्यवस्थापनका लागि आवश्यक प्रकृया थालनी गरिने छ ।

११. लमही नगरको उत्तरी उच्च पहाडी भूभागको सन्तुलीत वातावरणीय र पदमार्गको रमणीय र आनन्दीत दृश्यावलोकनको लाभ लिन निजी तथा सहकारी क्षेत्रसमेतको सहकार्यमा उत्तरी पहाडी भूभागमा पैदलमार्ग **(TREKING ROUTE )** को विस्तार शिक्षा, स्वास्थ्य, अर्ग्यानिक कृषि, होटेल / कटेज प्रवर्द्धन सहित **पर्यटकीय क्षेत्रको संगमस्थल (MEETING POINT)** को रुपमा विकास गर्दै लैजाने नीति अख्तियार गरिनेछ ।

**१२. खेलकुद तथा युवा स्वरोजगार कार्यक्रम** : युवाहरुको बहुआयामिक विकास गर्न वडास्तरबाटै खेलकुद क्षेत्रको विकासको लागि विशेष कार्यक्रमहरु संचालन गरिने छ । **नगर स्तरीय मेयर ( क्रिकेट, फुटबल, भलिवल र व्याटमिन्टन) कपलाई** निरन्तरता दिईने छ । राष्ट्पति रनिङ.शिल्ड प्रतियोगीतालाई व्यवस्थित र सभ्यरुपमा संचालन गरिने छ । नगर क्षेत्र भित्र रहेको अन्तर्राष्ट्रिय क्रिकेट मैदानलाई स्तरोन्नती गरिने छ भने नगरका सबै वडाहरुमा एक एक वटा खेलमैदानको निर्माण गरिने छ । युवाहरुको रोजगारी सम्वद्ध उच्च आकाँक्षालाई सम्वोधन गर्न प्रत्येक वडामा एक जना युवालाई नमुना उद्यमीको रुपमा स्थापीत गर्न प्रोत्साहन अनुदान रकम उपलव्ध गराईने छ । बैदेशिक रोजगारमा अवसर उपलव्ध गराउन **प्रत्येक वडाबाट ५।५ जना युवाहरु छनौट गरि ५० जना युवाहरुलाई कोरियन तथा जापानीज भाषा प्रशिक्षणको लागि नगद अनुदान उपलव्ध गराईने छ** । रोजगारका अवसर बृद्धि गन आयोग तयारी कक्षा संचालन गरिनेछ । बैदेशिक रोजगारमुलक अवसर प्राप्तीको लागि युवा लक्षित विशेष सीप विकास तालीम कार्यक्रमहरु संचालन गरिनेछ ।

**१३**. बैदेशिक रोजगारीमा जानु पर्ने लमही नगरवासी युवा र यिनको घर परिवारहरुको विवशताको अन्त्य गर्न आगामी आ.व.मा आफ्नै नगर क्षेत्रमा श्रम प्रधान रोजगारमुलक कार्यक्रम संचालन गरिने छ भने बैदेशिक रोजगारीमा जाने युवाहरुका लागि सुरक्षित आप्रवासन लाई समेत जोड दिईनेछ ।

१४. **सरसफाईयुक्त स्वच्छ शहर** : नगरवासीको **प्राण, पहिचान, प्रतिष्ठा र समृद्धी** संग जोडीएको सरसफाई अभियानलाई जन मन स्तरमा विस्तारीत गरिने छ । फोहोर फाल्ने र त्यही फोहोरलाई तिनै हातले उठाउने प्रवृत्तिलाई लज्जाबोधको विषयको रुपमा स्थापीत गरिने छ । सफा गर्ने भन्दा पनि फोहोर नगर्ने संस्कार र संस्कृतिको विकासको लागि आधारभुत तहका विद्यालयमा र टोल टोलमा स्वच्छ सरसफाई युक्त नगर कार्यक्रम

संचालन गरिने छ । लमही खानेपानी उपभोक्ता समिति तथा सरसफाई संस्थाको सहकार्यमा लमही नगरपालिका क्षेत्रलाई फोहर रहीत स्वच्छ नगर क्षेत्र सचेतना अभियान कार्यक्रम संचालन गरिने छ। नगरक्षेत्रबाट उत्सृजित लेदोजन्य पदार्थ फोहोर व्यवस्थापनको लागि गैरसरकारी संस्थाको सहकार्यमा परिणाममुखी सरसफाई कार्यक्रम संचालन गरिने छ ।

लमही नगरलाई पलाष्टीक मुक्त शहरको रुपमा रुपान्तरण गर्न लमही नगरपालिकाले लिएको नीतिलाई तदारुकता साथ कार्यान्वयन गरिने छ। पलाष्टीक झोलालाई विस्थापीत गर्न वातावरणमैत्री झोलाको उपयोगमा जोड दिईने छ । वातावरण मैत्री वस्तुको उपयोगका लागि प्रकृत्ति प्रदत्त दुना, टपरी र माटोको गिलास, कप उत्पादन र प्रयोग लाई प्रोत्साहन र प्रवर्द्धन गर्न उद्यमी र उद्यमशिलतालाई विशेष अनुदान रकम उपलव्ध गराईने छ । नगरका मापदण्ड पुरा गरेका नमुना योग्य सडकका दायाँ बायाँ प्रतिफलमुखी र हरियाली प्रवर्द्धन गर्ने खालका आँप, लिची, कटहर तथा अमलाका बोटहरु रोपी हरित नगरको अवधारणालाई अगाडी बढाइने छ । लमही नगर क्षेत्रको अव्यवस्थीत मोटर ग्यारेजको उपयुक्त व्यवस्थापनको लागि अटो भिलेज स्थापनाको लागि आवश्यक कदम चालीने छ।

१५. स्थानीय समाजिक संघ संस्थाको सहकार्यमा सडक दुर्घटना न्युनिकरण, ट्राफिक व्यवस्थापन, लागु औषध दुर्व्यसनी सचेतना कार्यक्रमहरु संचालन गरी सभ्य, स्वस्थ एवं सवल नागरीक अभिबृद्धीमा जोड दिईने छ।

१६. वडा वडा र टोल वस्ती स्तरमा योग साधना र शिक्षालाई आत्मसात गर्दै स्वस्थ, सभ्य र सुसंस्कृत नागरिक निर्माण कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

१७. विभिन्न जातजाती भाषाभाषी र धर्म समुदायहरुका संस्कार र सांस्कृतिक भावनाको उच्च सम्मान र जर्गेनाको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।

**१८**. विगत वर्षहरुमा झैं नगरका दुर र दुर्गम स्थानहरुमा विद्युतीकरण तथा वैकल्पीक सौर्य उर्जाको रुपमा सोलार वत्ति जडान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ।

**आदरणीय नगर सभाका सदस्यज्यूहरु,**

**१९**. अपाङ्गता भएका तथा अन्य लक्षित वर्गहरुलाई लक्षित गरी सचेतनामुलक, स्वरोजगार तथा व्यावसायिक सिपमुलक तालीम कार्यक्रमहरु संचालन गरिनेछ । लमही नगरपालिकाबाट निर्माण हुने भौतिक संरचनाहरु अपाङ्ग मैत्री बनाईने छ। बौद्धिक अपाङ्गता

भएका बालबालीकाहरुको लागि नि:शुल्क सिकाइ केन्द्र ब्यवस्थापन सहयोग अनुदानको व्यवस्था गरिने छ ।

२०. **महिला, बालबालीका तथा जेष्ठ नागरिक समाज कल्याण कार्यक्रम** : बालबालीका तथा महीला लक्षित कार्यक्रमहरु सामाजिक संघ संस्थाहरु र गैर सरकारी एवं निजी क्षेत्रका सेवा प्रदायक संस्थाहरु संग सहकार्य गरि संचालन व्यवस्थापन गरिनेछ । बाल विवाह तथा बालश्रम न्यूनिकरणका लागि सरोकारवाला निकायहरु संग समन्वय गरि अभिभावक शिक्षाको माध्यमबाट सचेतनामुलक कार्यक्रम संचालन गरिने छ । घरेलु हिंसा तथा यौन दुरर्व्यवहारमा परेका महिला तथा बालीकाहरुको सुरक्षा तथा संरक्षणका लागि अल्पकालीन आश्रय घर व्यवस्थापन गरि मनोसामाजिक विमर्शबाट पुनरुत्थान गर्न तथा आयआर्जनको लागि आर्थिक सहयोग उपलव्ध गराईने छ । जेष्ठनागरिक दिवा सेवा कार्यकम संचालन गरी अन्तरपुस्ता संवाद तथा सिप हस्तान्तरण गर्ने कार्यकमहरु संचालन गरिनेछ ।

*२१.* ***स्वच्छ, निर्भय र निष्पक्ष पत्रकारीताको लागि पत्रकार, पत्रकारीता र संचार क्षेत्रको विकास*** संचार क्षेत्रको सन्तुलि र समानुपातिक विकासकालागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ । मर्यादित, सुदृढ र गुणस्तरीय पत्रकारीता को लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । महिला पत्रकारहरुको दक्षता अभिबृद्धीका लागि क्षमता विकास तालीम कार्यक्रम संचालन गरिने छ । सूचना सम्प्रेषण पद्धतीलाई व्यवस्थित रुपमा संचालन गर्न सूचना केन्द्रलाई थप व्यवस्थित गरिने छ ।

२२. **सहकारी, निजी तथा स्थानीय सरकारको सह यात्रा** : स्वरोजगारमुलक उद्योग र हस्तकलाका उद्यमीहरुलाई प्रोत्साहन गर्न स्थानीय श्रोत र साधनको उपयोग गरी सोको व्यावसायिक उत्पादन र बजारीकरण गर्न आवश्यक उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिने छ । उद्योग व्यवसायीहरुको छाता संगठन संगको समन्वयात्मक सहकार्यबाट करको दर र दायरालाई विश्वसनीय, दिगो, फराकीलो, उत्साहप्रद, स्वेच्छिक, चुस्त र सरलीकृत गर्दै लगिने छ । नगरपालिकाको आन्तरिक आयको मेरुदण्डको रुपमा रहेको निजी क्षेत्रको योगदानलाई उच्च सम्मान प्रकट गर्दै निजी क्षेत्रको छाता संगठन को सुदृढीकरणको लागि आवश्यक कार्यक्रमहरु मार्फत सम्वोधन गरिने छ । नगर क्षेत्रमा रहेको सहकारीहरुको नियमन, अनुगमन र प्रर्बधन गरी आर्थिक विकासमा टेवा पुऱ्याइनेछ ।

२३. **सामाजिक पूजि परिचालन र निर्माणको लागि विकास साझेदार** : यस नगर र नगरवासीहरुको आवश्यकता र उच्च प्राथमिकतालाई केन्द्रीत गरि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुसंग सहकार्य गरी यस नगरक्षेत्रको विकास निर्माण कार्यलाई तिव्रता दिईनेछ । विकास साझेदारहरुले नगर क्षेत्रमा सम्पादन गरिने **बजेट तथा कार्यक्रम खर्च को**

**कम्तिमा** ५० प्रतिशत रकम सम्वन्धित क्षेत्रको पूर्वाधार विकासमा लगानी गरिने नीतिलाई निरन्तरता दिइएको छ । अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु वडा र वस्तीस्तरमा पुग्नु पहिले नगरपालिकाको पूर्व स्विकृती लिएर जाने पद्धती स्थापीत गरिने छ ।

२४. **सुशासन सहितको गतिशिल कर्मचारी व्यवस्थापन** : नगरपालिकाको स्विकृत नीति, बजेट र कार्यक्रमको पूर्ण परिचालन, समयवद्ध कार्यान्वयन र नतिजामुखि परिणाम दिनका लागि स्वच्छ, प्रतिस्पर्धी, उच्च मनोवलयुक्त जनशक्ति अत्यावश्यक पर्दछ । जन, मन, माटो र मष्तिष्को सम्मिश्रणबाट नगरको दीर्घकालीन सोच र अभियानलाई सार्थक रुपमा रुपान्तरण गर्न अविचलीत र कर्तव्य प्रति समर्पित जनशक्ति चाहिन्छ । त्यसैले कार्यालय, कार्यसम्पादन प्रकृया र पद्धतीलाई आत्मसाथ गर्दै अझै उच्च मनोवका साथ गतिशिल रहने प्रेरणादायी मन निःसृत गर्न कर्मचारीहरुको क्षमता विकास, अध्ययन अवलोकन भ्रमण, विषयगत पूर्नरताजगी तालीम र कार्य प्रेरणा प्रोत्साहन कोष **(FUNCTIONAL MOTIVATION FUND)** को व्यवस्था गरी कर्मचारीलाई **जनशक्तिको रुपमा र जनशक्तिलाई मनशक्तिको रुपमा रुपान्तरण गरिने छ** ।

वडास्तरमा समेत विद्युतीय हाजिरीको माध्यमबाट कर्मचारीहरुको नियमितता र समयपालना लाई व्यवस्थीत गरीने छ । वडास्तरमा ईन्टरनेट पद्धती व्यवस्थापन गरी प्रशासनिक नियमन पद्धती लाई सुदृढ गरिने छ । कर्मचारी आचारसंहिता, अनुशासन, सदाचारीता, नियमितता, समय परिपालना गर्ने विषयमा नगरपालिकाले लिइएको शुन्य सहनशिलता **( ZERO TOLERANCE)** को नीतिबाट कर्मचारी वृतमा कार्यसम्पादन प्रकृया, पद्धती, उतरदायित्व र जवाफदेहीतामा सकारात्क परिणाम देखिएकोले आगामी आ.व.मा प्रस्तुत नीतिलाई बढावा दिदै नगरवासीहरुको लागि सुखद सुशानको **(PLEASURE GOOD GOVERNANCE)** प्रत्याभुति गरिने छ ।

२५. **लमही नगर निर्माण अभियान ( MISSION TO LAMAHI MUNICIPAL BUILDING) का लागि सुदृढ कर प्रशासन** : कर प्रशासनलाई समयसापेक्ष, चुस्त र गतिशिल बनाई राख्न स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम चालु आ.व.देखि लागु गरिएको एकीकृत सम्पत्तिकर लाई संघीय सरकारको नीति अनुरुप घर र घरले चर्चेको जग्गामा कानूनमा व्यवस्था भए अनुसार सम्पत्ति कर र बाँकी जग्गामा मालपोत कर लगाईने छ । निजी क्षेत्रको छाता संगठनको सहकार्यमा कर प्रशासनलाई नियमन र व्यवस्थापन गर्ने पद्धती र प्रयासलाई प्रभावकारी बनाईने छ । नगर क्षेत्रका विकास निर्माणका काममा आवद्ध हुने सवै उद्योगी, उद्यमी, व्यापारी, व्यवसायीहरु आ-आफ्ना व्यसायहरु नगरपालिकाबाट व्यावसायिक इजाजत लिएर काम गर्ने नीतिलाई कडाइका साथ लागु गरिने छ ।

र, अन्त्यमा, यस नगर निर्माण अभियान **( MISSION TO LAMAHI MUNICIPAL BUILDING )** मा उच्च सदभाव राख्नु हुने र महत्वपूर्ण सुझाव र सल्लाह दिनु हुने, प्रत्यक्ष र परोक्षरुपमा यस अभियानमा जुटनु हुने सवै नगरवासी, नेतृत्व तह, विद्धत वर्ग, उद्योगपती, व्यवसायी, व्यापारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, स्थानीय सामाजिक संघ संस्थाहरु, आदरणीय संचारकर्मी र संचारजगत, नगरका विकासप्रेमी, शिक्षा प्रेमी सवै अग्रजहरुलाई हृदयदेखि नै कृतज्ञता एवं आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु । **धन्यवाद ।**

**कुल बहादुर के.सी.**
**अध्यक्ष**
**लमही नगरपालिका, लमही, दाङ.**
**असार १०, २०७६**